**नेपाल सरकार**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**ताहाचल, काठमाडौं, नेपाल**

**फोनः ०१-४५९८०१३/१४, इमेलः info@aepc.gov.np**

**ठूला बायोग्यास (१२.५ घ.मि. देखि १०० घ.मी. क्षमता सम्म) प्लाण्ट निर्माण तथा जडान कार्यका लागि सूचि दर्ता सम्बन्धि सूचना ।**

**सूचना प्रकाशित मितिः २०८२/०७/०२**

**आवेदन पेश गर्ने अन्तिम मिति : २०८२/०८/०१ कार्यालय समय भित्र**

नेपाल सरकारद्वारा स्वीकृत नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ का लागि ठूला बायोग्यास (१२.५ घ.मि. देखि १०० घ.मी. क्षमता सम्म) प्लाण्ट निर्माण/जडान सम्बन्धि कार्य गर्नका लागि यस केन्द्रबाट सूचीकृत हुनका लागि सम्बन्धित व्यावसायिक संस्था/कम्पनीलाई यसै सूचना मार्फत आवेदन पेश गर्न आह्वान गरिन्छ ।

व्यावसायिक संस्था/कम्पनीको सूचीमा दर्ता गर्नको लागि इच्छुक व्यावसायिक संस्था/कम्पनीहरुले केन्द्रले तोकेको ढाँचामा विवरणहरु तयार गरी मिति २०८२ साल मंसिर १ गते सम्ममा कार्यालय समयभित्र केन्द्रमा आवेदन दर्ता गराउनु पर्नेछ । रित नपुगी वा अन्य ढाँचामा पेश गरिएको आवेदन उपर कार्यवाही गरिने छैन ।

गत आ.व. मा सूचिकृत भई यस केन्द्र संग सम्झौता भएका व्यावसायिक संस्था/कम्पनीको हकमा चालु आ.ब.मा पून सूचीकृत हुन तपशिलमा उल्लेखित बुँदा नं. १ देखि १२ मा उल्लेख भए अनुसारको कागजात मात्र पेश गर्नुपर्ने ।

<u>**तपशिल**</u>

१. व्यावसायिक संस्था/कम्पनी दर्ता प्रमाणपत्र
२. व्यावसायिक संस्था/कम्पनी अद्यावधिक नविकरण प्रमाणपत्र (अद्यावधिक नविकरण गर्नुपर्ने हकमा)
३. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र
४ शेयरधनि प्रमाणपत्र
५. नवीकरणीय ऊर्जा क्षेत्रमा कार्य गर्ने उद्देश्य स्पष्ट किटान भएको संस्थाको नियमावली तथा प्रवन्धपत्र
६. आ.ब.२०८१/८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाण र करचुक्ता प्रमाणपत्र पेश गर्ने प्रतिवद्धता पत्र
७. सूचिदर्ता आवेदन
८. व्यावसायिक संस्था/कम्पनी प्रमुखहरुबाट आधिकारीक व्यक्ति प्रमाणित
९. द्धिपक्षिय सम्झौता र प्रतिवद्धता पत्र
१०. सहमतिको स्व-घोषणा पत्र
११. नेपाल सरकार तथा दातृ निकायको कालोसुचीमा नपरेको स्व-घोषणा

(बुँदा नं. ६ देखि बुँदा नं. १० सम्म भएका कागजातको व्यहोराको ढाँचा **ठूला बायोग्यास निर्माण तथा जडान सूचिकृत मूल्याङ्कन मापदण्डमा** रहेको छ ।

सबै कागजातहरु व्यावसायिक संस्था/कम्पनीको आधिकारिक व्यक्तिबाट प्रमाणित गरि पेश गर्नुपर्नेछ । प्रतिलिपी मात्र पेश गर्नुपर्ने कागजातको हकमा सो को प्रमाणित प्रतिलिपी र अन्य कागजातको हकमा अनिवार्य रुपमा सक्कल प्रति पेश गर्नुपर्नेछ ।

साथै गत आ.ब.मा सूचिकृत नभएका तर आ.ब. २०८२/८३ मा सूचिकृत हुनका लागि केन्द्रको वेभ साइट www.aepc.gov.np मा भएको **ठूला बायोग्यास निर्माण तथा जडान सूचिकृत मूल्याङ्कन मापदण्ड** अनुसार विवरण तथा कागजातहरु पेश गर्नुपर्ने ।

पूनश्च**:** सुचि दर्ता प्रकाशन पश्चात केन्द्र र सम्वन्धित व्यावसायिक संस्था/कम्पनी बीच द्धिपक्षिय सम्झौता भए पश्चात मात्र सम्झौतामा भएका सबै व्यवस्था मान्य हुने सर्तमा ठूला बायोग्यास (१२.५ घ.मि. देखि १०० घ.मी. क्षमता सम्म) प्लाण्ट निर्माण तथा जडान कार्य गर्न गराउन सकिने ।

(सम्झौता भए पश्चात डोम ग्यास पाईपको डिजाइन परिबर्तन गरिने छ । अनुदान प्रवाह पक्रिया लगायत अन्य विषयहरुलाई यस केन्द्र र व्यावसायिक संस्था/कम्पनी बीच हुने द्धिपक्षिय सम्झौतामा उल्लेख गरिनेछ )